बैठक संख्या - २४

आज मिति २०८० साल आषाढ ०५ गतेका दिन यस शैल्यशिखर नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री विजय सिंह धामीज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरिए ।

उपस्थिति:-

१. श्री विजय सिंह धामी नगर प्रमुख
२. " शान्ति खडायत नगर उपप्रमुख
३. " भरत बहादुर खडायत कार्यपालिका सदस्य
४. " नरेन्द्र बहादुर पाल " "
५. " पदम बहादुर चन्द " "
६. " राम सिंह ठगुन्ना " "
७. " जनक सिंह रावल " "
८. " जगदीश सिंह धामी " "
९. " पुष्प राज जोशी " "
१०. " केशव दत्त जोशी " "
११. " प्रजापति पाण्डेय " "
१२. " देवकी जोशी " "
१३. " अम्मरा जोशी " "
१४. " तुलसी देवी डाँगा " "
१५. " यशोदा नेपाली " "
१६. " हिरा ओड " "
१७. " चक्रे लुहार " "
१८. " पार्वती जोशी " "
१९. " सुनमति लावड पार्की " "
२०. " सुरेन्द्र बहादुर विष्ट सदस्य सचिव

आमन्त्रित

१. श्री मान सिंह ठगुन्ना कानूनी सल्लाहकार
२. " मनोरथ जोशी स्रोत व्यक्ति
३. " मनोरथ जोशी खरिदार
४. " गोविन्द जोशी का.सि

## निर्णयहरु

निर्णय नं. १ :- यस शैल्यशिखर नगरपालिकाको कार्यालय संचालनका लागि आवश्यक तपसिल बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क) अपाङ्गता भएको व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७८ संशोधित २०७९

(ख) बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०८०

(ग) भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९

(घ) स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका -२०७९

(ङ) शैल्यशिखर नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि, २०७९

निर्णय नं. २ यस शैल्यशिखर नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- यस शैल्यशिखर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न सेवा परामर्शको माध्यमबाट आ.ले.प. अधिकृत नियुक्त गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ४ :- यस शैल्यशिखर नगरपालिकाको भवन निर्माणका लागि ठेक्का प्रक्रियाबाट बोलपत्र आवहान गरि सम्झौता हुने क्रममा रहेकोले कार्यालयका लागि आवश्यक १८ (अठार) कार्यकक्ष र १ (एक) बैठक कक्ष घरभाडामा लिनुपर्ने भएकोले सो का लागि गोकुलेश्वर बसपार्क देखि कठपतेसम्म को क्षेत्र सम्मका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ५ :- श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयहरुबाट जारी भएका परिपत्र तथा निर्देशनहरु पालना गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :- यस न.पा. को न्यायिक समितिबाट सम्पादन भएका कामकारवाही/प्रतिवेदन माथि छलफल गरियो ।

निर्णय नं. ७ :- यस न.पा. अन्तर्गत प्रयोगमा रहेका दुई पाङ्ग्रे मोटरसाइकल तथा चारपाङ्ग्रे भाडामा लिएका चारपाङ्ग्रे गाडीहरुको कुनै पनि किसिमको मर्मत खर्च यस कार्यालयबाट उपलब्ध नगराउने निर्णय गरियो ।

क्रमशः!

Sangam

CamScanner

निर्णय नं. ८ यस न.पा अन्तर्गत कार्यरत सेवा करारका शिक्षा, स्वास्थ्य र अन्य न.पा. भित्र रहेका कर्मचारीहरुको जनशक्तिलाई व्यवस्थापन गर्न कर्मचारी संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन (O&M) संशोधन गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलले अध्ययन गरी यही आषाढ ३५ गते सम्म कार्यपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

तपसिल:-

१. श्री पदम बहादुर चन्द ३ नं. वडाध्यक्ष ~~संयोजक~~ संयोजक
२. " भरत बढुवायत १ " (प्रशासन) संयोजक
३. " केशव दत्त जोशी ८ " (स्वास्थ्य) "
४. " पुष्पराज जोशी ७२ " शिक्षा सदस्य
५. " चक्रे कुहार न.पा. सदस्य सदस्य

माथि उल्लेखित गठन भएको कार्यदलको सम्बन्धित शाखाको शाखा प्रमुखहरुसँग समन्वय गरी काम गर्ने साथै कार्यदलले सेवा करारमा कार्यरत कर्मचारीको तलबमा एकरुपता ल्याउन समेत अध्ययन गरी प्रतिवेदन पेश गर्ने निर्णय

निर्णय नं. ९:- गोकुलेश्वर मा.वि.को भवन निर्माणको लागि नमुना विद्यालय अन्तर्गत सशर्त अनुदानबाट विनियोजन भएको बजेटबाट चालु आ.व.मा निर्माण कार्य सम्पन्न गर्ने गरी उक्त विद्यालयको वि.व्य.स. लाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं.१०:- यस न.पा. अन्तर्गत सेवा करारमा कार्यरत कुनै पनि कर्मचारीलाई यस कार्यालयबाट स्थानीय भत्ता उपलब्ध नगराउने निर्णय गरियो।

निर्णय नं ११ यस कार्यालयको आगामी आ.व. २०७७/०७८ को वार्षिक खरिद योजना तयार गर्ने निर्णय गरियो।

निर्णय नं.१२ यस न.पा. वडा नं. २ स्थित देथला खेलकुद विकास समितिद्वारा २०७६ माघ १ गतेका दिन संचालन भएको भलिबल प्रतियोगितामा भएको खर्च रकम रु ३,५०,०००/- (अक्षरेपी तीनलाख पचास हजार मात्र) बजेटको सुनिश्चितता भए चालु आ.व. र नभए आगामी आ.व.मा दायित्व सार्ने निर्णय गरियो।

CamScanner